# प्रदेश लोक सेवा आयोग

## सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

## प्रेस विज्ञप्ती

प्रदेश लोक सेवा आयोग सुदूरपश्चिम प्रदेशको सूचना नं ३/०७८-७९ नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, तह विहिन, वनरक्षक पदको शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षा सुदूरपश्चिम प्रदेश सरकारका कर्मचारी तथा सशस्त्र प्रहरी बल, नेपाल नं ७ वैद्यनाथ बाहिनी मुख्यालय अत्तरिया, कैलाली र अन्तर्गतको सशस्त्र प्रहरी बल, नेपाल नं ४३ रिजर्भ गण हे.क्वा. वनवेहडा, कैलालीको प्रत्यक्ष सहयोग र समन्वयमा संचालन भै रहेको छ । केही संचार माध्यम र सामाजिक संजालहरुमा उपरोक्त विषयका परीक्षामा असफल भएका परीक्षार्थीहरुको हावाला दिई शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षामा अनियमितता भएको भनि प्रसारण भएका सामाचार प्रति यस आयोगको गम्भिर ध्यान आकर्षण भएको छ ।

लोक सेवा आयोगका सिद्धान्त, मूल्य मान्यता, प्रचलित कानूनी व्यवस्था र विधि प्रक्रियाहरुलाई अक्षरसः पालना गर्दै परीक्षालाई स्वच्छ, तटस्थ र पारदर्शि ढंगले सम्पन्न गर्न आयोग प्रतिवद्ध रहेको र परीक्षामा संलग्न कोही कसैबाट नियम विपरीत कार्य भएको पाइएमा वा प्रमाणित भएमा हदैसम्मको कारवाही गर्न आयोग प्रतिवद्ध रहेको जानकारी गराइन्छ ।

नेपाली जनताको आस्था र भरोसाको केन्द्रको रुपमा रहेको आयोगको गरिमा र प्रतिष्ठामा आँच नआउने गरि सत्य तथ्यमा आधारित सामाचार सम्प्रेषण गरिदिन हुन सरोकारवाला सबैमा आयोग अनुरोध गर्दछ ।

मिति २०७९।०३।१९

हिरालाल चौधरी
प्रवक्ता
प्रदेश लोक सेवा आयोग